# रोङ गाउँपालिका, कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:**

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको 'स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न बाञ्छनीय भएकोले,

कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी रोङ गाउँपालिकाको कार्यपालिकाको मिति २०८१/१०/०३ गते बसेको बैठकले स्वीकृत गरी यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम 'रोङ गाउँपालिका, कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१' रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन हुनसाथ लागू हुनेछ र यसको क्षेत्र रोङ गाउँपालिकाभित्र हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) 'ऐन' भन्नाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न कोशी प्रदेश सभाबाट जारी गरिएको 'स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०' सम्झनुपर्छ।

(ख) 'कार्यविधि' भन्नाले 'रोङ गाउँपालिका, कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१' सम्झनुपर्छ।

(ग) 'कर्मचारी' भन्नाले सङ्घीय लोक सेवा आयोगबाट गाउँपालिकामा सिफारिस भई नियुक्ति भएका कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी, स्थानीय तह अन्य सेवामा कार्यरत कर्मचारी, प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका रोङ गाउँपालिकाभित्रका विभिन्न शाखा र निकायमा कार्यरत स्थायी कर्मचारी सम्झनु पर्छ।

(घ) 'गाउँपालिका' भन्नाले रोङ गाउँपालिका सम्झनु पर्छ।

(ङ) 'प्रदेश' भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(च) 'कार्यपालिका' भन्नाले रोङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(छ) 'कार्यालय' भन्नाले नेपालको संविधान तथा प्रदेश कानून बमोजिम स्थापित गाउँपालिका अन्तर्गतका सचिवालय, प्रतिष्ठान, वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(ज) 'प्रदेश लोक सेवा आयोग' भन्नाले नेपालको संविधानको धारा २४४ बमोजिम गठित कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(झ) 'परामर्श' भन्नाले प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर, नेपालले उपलब्ध गराइएको परामर्श सम्झनु पर्छ ।

(ञ) 'तहवृद्धि' भन्नाले ऐन तथा यस कार्यविधि बमोजिम हुने कर्मचारीको तहवृद्धि सम्झनु पर्छ।

(ट) 'प्रदेश किताबखाना' भन्नाले कोशी प्रदेशको प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका कर्मचारीको अभिलेख राख्ने प्रयोजनको लागि मन्त्रालय अन्तर्गत रहेको शाखा सम्झनु पर्छ।

(ठ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले रोङ गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

**३. सूचना प्रकाशन गर्ने:** (१) ऐनको दफा २७ बमोजिम स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पूरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत कम्तीमा नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यता आवश्यकता पर्ने छैन।

(३) तहवृद्धि हुने कर्मचारीको लागि प्रत्येक वर्ष मंसिर १५ गते र जेठ १५ गते अनुसूची १ बमोजिम ३० दिने सूचना प्रकाशन गरिनेछ।

**४. निवेदन दिनुपर्ने:** तहवृद्धि सम्बन्धी सूचना प्रकाशन भए पश्चात देहायका कागजातहरु सहित अनुसूची २ बमोजिम निवेदन पेश गर्नु पर्नेछ।

(क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

(घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

(च) ऐनको दफा २७ को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेको अन्य कागजातहरु।

**५. सिफारिस समिति:** ऐनको दफा २७ को उपदफा (४) बमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न देहायको कर्मचारी भएको एक तह वृद्धि सिफारिस समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले तोकेको एक महिला सहित २ जना वरिष्ठ कर्मचारी - सदस्य

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि:** आवश्यक न्यूनतम योग्यता र सेवा अवधि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम हुनेछ।

**७. तह वृद्धि सम्बन्धी विशेष व्यवस्था:** (१) कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ।

(२) एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि हुनेछ।

**८. ज्येष्ठता कायम:** ज्येष्ठता गणना स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २६ बमोजिम गरिनेछ।

**९. तह वृद्धि गर्नु पर्ने:** कानून बमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुका तह वृद्धिको लागि ऐनको दफा २७ को उपदफा (४) बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको २० दिन समाप्त भएपश्चात ५ दिनभित्र तह वृद्धिका लागि सिफारिस गरिसक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ५ दिनभित्र ऐनको दफा २७ (३) बमोजिम गाउँ कार्यपालिकाले निर्णय गरी नियमानुसार तह वृद्धिको पत्र दिनु पर्नेछ।

१०. **सार्वजनिक गर्ने:** तह वृद्धि भएका कर्मचारीहरूका विवरण गाउँपालिकाले आफ्नो सूचना पाटी र वेवसाइटमा अनिवार्य राखी सार्वजनिक गरिनेछ।

११. **सचिवालय:** तह वृद्धि सम्बन्धी कार्य गर्न गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन फाँटले सचिवालयको काम गर्नेछ।

१२. **तह वृद्धि गर्न नहुने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ५ बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) ऐनको दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असाधारण बिदामा वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

१३. **जानकारी दिनु पर्ने**: यस कार्यविधि बमोजिम गरेको बढुवा र तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्रमा मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१४. **बाधा अड्काउ फुकाउन सक्ने**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. **उजुरी/गुनासो:** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

१६. **प्रचलित कानून बमोजिम हुने**: यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. **खारेजी र बचाउ:** गाउँपालिकाको 'कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०' खारेज भएको र उक्त कार्यविधि बमोजिम भए गरेका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**अनुसूची १**

दफा ३ को उपदफा ३ सँग सम्बन्धित

# रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पहरीगाउँ, इलाम

### कोशी प्रदेश, नेपाल

प. सं.:२०८.../०८....

च. नं. :

मिति :२०८१/...../......

---

**विषय : तह वृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको ऐन, २०८० को दफा २७ तथा रोङ गाउँपालिका, कर्मचारीको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम तह वृद्धि हुने योग्यता पुगेका कर्मचारीहरुले यो सूचना जारी भएको मितिले ३० (तीस) दिनभित्र देहायका कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

<u>पेश गर्नुपर्ने कागजातहरु</u>

क) सेवा अवधि पूष्टि गर्ने नियुक्तिपत्र,

ख) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

ग) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

घ) नियमानुसारका अन्य कागजातहरु ।

---



*वेवसाइट: www.rongmun.gov.np, इमेल: info@rongmun.gov.np, rongruralmun@gmail.com*

*सम्पर्क नं. ९८५२६७८७३२ (अध्यक्ष), ९८४४६३१५१७ (उपाध्यक्ष), ९८५२६४२०२०(प्रमुख प्रशासकीय अधिकृत)*

## अनुसूची २

दफा ४ सँग सम्बन्धित

**तह वृद्धि हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा**

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

रोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम।

विषय: तह वृद्धिको निवेदन पेश गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयको प. सं. ........................., च. नं. ...................... , मिति ...................... मा प्रकाशित तह वृद्धि हुने योग्यता पुगेका कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचनानुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

१. तह बृद्धि हुने कर्मचारीको नाम:

२. स्थायी ठेगाना

३. पद:

४. शुरु नियुक्ति मिति:

५. हालको पदमा बढुवा नियुक्ति मिति:

६. शैक्षिक योग्यता:

**पेश गरिएका कागजातहरु**

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख) सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

**अनुसूची ३**

**तह वृद्धि नियुक्तिको ढाँचा**

# रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

प. सं.:२०८.../०८....

च. नं. :

मिति :२०८../...../......

---

विषय: तह वृद्धि नियुक्ति।

श्री ............................ (कर्मचारी संकेत नं...........)
रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम।

यस कार्यालयको मिति ...................... को निर्णयानुसार स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको ऐन, २०८० को दफा २७ बमोजिम तपाईंलाई देहाय अनुसार तहवृद्धि गरिएको छ।

तहवृद्धि हुनु भएकोमा हार्दिक बधाई। राष्ट्रसेवामा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिईएको छ।

| **हाल कार्यरत पदको विवरण** | **तह वृद्धि भएको पदको विवरण** |
|---|---|
| १) सेवा:<br>२) समूह/उपसमूह:<br>३) पद:<br>४) तह: | १) सेवा:<br>२) समूह/उपसमूह:<br>३) पद:<br>४) तह: |

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, विराटनगर
श्री प्रदेश किताबखाना, विराटनगर।

---

आज्ञाले

विनोद कुमार चौहान

प्रमुख प्रशासकीय अधिकृत